बकैया गाउँकार्यपालिकाको मिति २०७८।११।०९ गतेको बैठकका प्रस्ताव एवं निर्णयहरु

१. **प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन पारित सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७८ अनुसार यस गाउँपालिका अन्तर्गत **वडा नं. ३, ४ र ७ भएर बग्ने सिमात खोला, हिरामुनी खहरे खोला र चम्पा खहरे खोलाका विभिन्न तोकिएका घाटहरुबाट** तथा **वडा नं. ४, ५, ६ र ७ भएर बग्ने बकैया खोला र सुकौरा खोलाका विभिन्न तोकिएका घाटहरुबाट** ढुङ्गा, गिट्टी र बालुवाको दिगो उत्खनन् तथा सङ्कलन कार्यका लागि प्रारम्भिक वातावरणीय परिक्षणको प्रकृया अगाडी बढाइएकोमा सो बाट क्रमशः २९८।२० र २९९।४६ घनमिटर प्रतिदिन उत्खनन् आयतन सम्भाव्यता देखिएकोमा उक्त प्रतिवेदनहरु सो कार्यविधिको दफा ७ को उपदफा ४ बमोजिम स्वीकृत गर्ने निर्णय गरियो । साथै यसै गाउँपालिका स्थित चपकी देखि काफलघारी हुँदै तारुबास कोलखोप सम्म स्थानीय स्तरको बाटो निर्माण गर्नका लागि समेत सोहि कार्यविधि अनुसार प्रारम्भिक वातावरणीय परिक्षण प्रकृया अगाडी बढाइएकोमा सो को प्रतिवेदन समेत सोहि कार्यविधिको दफा ७ को उपदफा ४ बमोजिम स्वीकृत गर्ने निर्णय गरियो ।

२. **बकैया गाउँपालिका कन्टिन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिकालाई प्राप्त हुने विशेष, सशर्त एवं समपूरक अनुदानका साथै गाउँपालिकाको वार्षिक रुपमा स्वीकृत भई कार्यान्वयन गर्नुपर्ने योजना तथा कार्यक्रमहरुबाट नियमानुसार प्राप्त हुने कन्टिन्जेन्सी रकमलाई व्यवस्थित, प्रभावकारी, उपयुक्त, मितव्यायी एवम् औचित्यपूर्ण तरिकाले खर्च गर्न वाञ्छनिय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरि **बकैया गाउँपालिका कन्टिन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि,** २०७८ पारित गर्ने निर्णय गरियो ।

३. **झोलुङ्गे पुल माग सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिका अन्तर्गत विभिन्न स्थानमा झोलुङ्गे पुल निर्माण गर्नु आवश्यकता रहेकोमा आगामी आर्थिक वर्ष २०७९।८० का लागि नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गतको स्थानीय पूर्वाधार विभागसङ्ग तपसील अनुसारका थप झोलुङ्गे पुल योजनाहरु माग गर्ने निर्णय गरियो ।

१. माटोकोरी चुनढुङ्गा झोलुङ्गे पुल वडा नं. ७
२. भालुखोला लाल झोलुङ्गे पुल वडा नं. ६
३. नागदह थाकल चौर झोलुङ्गे पुल वडा नं. १ र २
४. जसपाल आँपदमार झोलुङ्गे पुल वडा नं. ६ र ७
५. सेरुखोला झोलुङ्गे पुल वडा नं. १०
६. माझीखोला शिर रातोथली झोलुङ्गे पुल वडा नं. ४
७. छतिवन घमनटोल झोलुङ्गे पुल वडा नं. ४ र ७

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

**दामोदर खनाल**
अध्यक्ष

८. विरेफाँट झोलुङ्गे पुल वडा नं. ८

९. हर्दा कर्मचुली झोलुङ्गे पुल वडा नं. ५

१०. हर्कटनी झोलखानी झोलुङ्गे पुल वडा नं. ५ र ६

११. धेत्रे सिमात झोलुङ्गे पुल वडा नं. ११

१२. ट्वाङट्वाङ टुँडीखेल झोलुङ्गे पुल वडा नं. २

१३. वङदह खजुलीदमार झोलुङ्गे पुल वडा नं. ३ र ८

१४. चिउरीवास दोभान झोलुङ्गे पुल वडा नं. ९

१५. भैरुङ दोभान झोलुङ्गे पुल वडा नं. ९

१६. धेत्रे गोदाम डाँडा झोलुङ्गे पुल वडा नं. १२

१७. सरस्वती कैलीनी झोलुङ्गे पुल वडा नं. २

१८. खजुलीदमार गोठडाँडा झोलुङ्गे पुल वडा नं. ८

१९. ड्राइभर डाँडा ट्वाङ्गट्वाङ्ग झोलुङ्गे पुल वडा नं. २

२०. गोठडाँडा वस्तीपुर झोलुङ्गे पुल वडा नं. ८

**४. सेवा करारका कर्मचारीहरुको म्याद थप सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिका कार्यालय र अन्तर्गत सेवा करारमा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन सन्तोषजनक रहेको पाईएकोले पौष मसान्तमा म्याद सकिएका सेवा करारका कर्मचारीहरुको सेवा करार अवधि अर्को व्यवस्था भएकोमा बाहेक २०७९ असार मसान्त सम्मका लागि नविकरण गर्ने निर्णय गरियो ।

**५. प्रदेश पुर्वाधार साझेदारी कार्यक्रम सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा जिल्ला समन्वय समितिको कार्यालय मकवानपुर हेटौंडाको प.सं. २०७८।०७९।प्रशासन शाखा, च.नं. ३५६, मिति २०७८।१०।१८ को पत्रानुसार प्रदेश पूर्वाधार साझेदारी कार्यक्रम सञ्चालनका लागि तपशिल बमोजिमका स्वीकृत आयोजनाहरु प्राप्त भयो ।

**प्रदेश पूर्वाधार साझेदारी कार्यक्रम**

| क.सं. | सञ्चालन हुने आयोजनाको विवरण | सञ्चालन हुने वडा | बजेट रकम (रु.) |
|---|---|---|---|
| १ | डुनामिस चर्च मर्मत संभार तथा घेराबार | बकैया गा.पा.वडा नं. १२ | १०,००,००० |
| २ | हर्कपुर भैरुङ दोभान मोटर बाटो मर्मत संभार | बकैया गा.पा.वडा नं. ९ | १०,००,००० |
| ३ | डाङडुङे खोला तटबन्धन | बकैया गा.पा.वडा नं. १ | १८,६५,००० |
| ४ | वस्तीपुर खेल मैदान निर्माण | बकैया गा.पा.वडा नं. ८ | ५,००,००० |
| ५ | वस्तीपुर दोङ थोकर टोल बाटो ग्रावेल मर्मत संभार | बकैया गा.पा.वडा नं. ८ | ५,००,००० |
| ६ | ड्युर डिङमा संतोपल्ली गुम्बा निर्माण | बकैया गा.पा.वडा नं. ९ | ५,००,००० |

दामोदर खनाल
अध्यक्ष

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

| जम्मा रकम | ५३,६५,००० |
|---|---|

सोही कार्यालयको प.सं. २०७८।०७९।प्रशासन शाखा, च.नं. ३५७, मिति २०७८।१०।१८ को पत्रानुसार प्रदेश पूर्वाधार, स्वास्थ्य प्रवर्द्धन तथा कोभिड पुनर्स्थापना साझेदारी कार्यक्रम (शिक्षातर्फ संचालन तथा व्यवस्थापन) का लागि तपशिल बमोजिमका स्वीकृत आयोजनाहरु प्राप्त भयो ।

| | | | |
|---|---|---|---|
| १ | जनजागृती मा.वि. विरेफाँट घेराबार | बकैया गा.पा.वडा नं. ८ | १०,००,००० |
| २ | सोलीथुम प्रा.वि. घैटार | बकैया गा.पा.वडा नं. १० | १०,००,००० |
| ३ | ज्ञानप्राप्ती प्रा.वि. घेरावार निर्माण | बकैया गा.पा.वडा नं. ७ | १०,००,००० |
| | जम्मा रकम | | ३०,००,००० |

सोही कार्यालयको प.सं. २०७८।०७९।प्रशासन शाखा, च.नं. ३५८, मिति २०७८।१०।१८ को पत्रानुसार प्रदेश पूर्वाधार, स्वास्थ्य प्रवर्द्धन तथा कोभिड पुनर्स्थापना साझेदारी कार्यक्रम (स्वास्थ्य क्षेत्र तर्फको संचालन तथा व्यवस्थापन) का लागि तपशिल बमोजिमका स्वीकृत आयोजनाहरु प्राप्त भयो ।

| | | | |
|---|---|---|---|
| १ | एम्वुलेन्स व्यवस्थापन सञ्चालन | बकैया गा.पा.वडा नं. ९ | १५,००,००० |
| २ | जुइना आधारभूत स्वास्थ्य केन्द्र प्रसुती सेवा सुधार तथा सुरक्षित गर्भपतन सेवा परामर्श केन्द्र भवन निर्माण | बकैया गा.पा.वडा नं. ६ | १९,४६,००० |
| | जम्मा रकम | | ३४,४६,००० |

प्राप्त भएका उक्त आयोजनाहरु उपभोक्ता समिति मार्फत सञ्चालन गर्ने निर्णय गरियो ।

**६. बागमती प्रदेश वन तथा वातावरण मन्त्रालयबाट प्राप्त योजना कार्यान्वयन सम्बन्धमा:-**

प्रस्तुत विषयमा छलफल गर्दा बागमती प्रदेश सरकार (मन्त्रिपरिषद्)को मिति २०७८।०९।०७ गतेको निर्णय अनुसार वन तथा वातावरण मन्त्रालय बागमती प्रदेशको बजेट उपशिर्षक नं. ३०७००११४ प्रवर्द्धन तथा विकास कार्यक्रम तर्फ तपसिल बमोजिमको कृयाकलापका लागि आ.व. २०७८।०७९ को बजेट खर्च गर्ने अख्तियारी र मार्ग दर्शन अनुसार चालु आ.व. का लागि तपसिल बमोजिम रकमको लागि अख्तियारी प्राप्त भएकोमा सो को उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने निर्णय गरियो ।

| सि.नं. | ब.उ.शि.नं./ख.शि.नं. | कृ.नं. | कृयाकलापको नाम | बजेट रु. हजारमा | कैफियत |
|---|---|---|---|---|---|
| १ | ३०७००११ ४/३११५९ | ११.४.२२. ९१४ | टासी छोयलिङ गुम्बाको पूर्वाधार निर्माण, बकैया-९ | १५०० | |

**७. प्रदेश समपुरक तथा विशेष अनुदान सम्बन्धमा:-**

प्रस्तुत विषयमा छलफल गर्दा बागमती प्रदेश सरकारको प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७७ र प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७७ बमोजिम आ.व. २०७९।८० मा

दामोदर खनाल
अध्यक्ष

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

कार्यान्वयन हुने तपसिल बमोजिमका आयोजना तथा कार्यक्रमहरुको लागि समपुरक तथा विशेष अनुदान माग गर्न प्रस्ताव गर्ने निर्णय गरियो ।

समपुरक अनुदानका लागि प्रस्तावित आयोजनाहरु/कार्यक्रमहरु

१. भिरकोट दोभान विजलडाँडा सडक वडा नं. ७, २ र १

२. जुरेली घुम्ती सडक वडा नं. ४ र ७

३. श्रीपुर सुधा गढवान सडक वडा नं. ६

४. भिमसेन दमार कालीदमार खोरभञ्ज्याङ्ग सडक वडा नं. ४, ११ र १२

५. दोभान गभर्स्थान सडक वडा नं. ६

६. शिरशिरे, च्याउँच्याउँ, भैरुङदोभान, गमलटार हुँदै कुञ्जीपोकल सडक वडा नं. ८

७. श्रीपुर कत्ले साततले सडक वडा नं. ५ र ६

८. जलजले चम्पाखहरे कालीदमार सडक वडा नं. ३

९. रजुवा चण्डौबजार बागफल सडक वडा नं. १

१०. बागदेउ सरस्वती ट्वाङट्वाङ सडक वडा नं. २

११. तीनतले भडौरा भित्रिसुँवारा गढी सडक वडा नं. ५

१२. हर्दा चुनढुङ्गा दरवारडाँडा सडक वडा नं. ७

१३. शिरशिरे गोठडाँडा वस्तीपुर सडक वडा नं. ८

विशेष अनुदानका लागि प्रस्तावित आयोजनाहरु/कार्यक्रमहरु

१. हात्तीसुँडे डिप बोरिङ्ग वडा नं. ३

२. जुरेली कभर्ड हल वडा नं. ४

३. गौतम बुद्ध पर्यटन पार्क वडा नं. ६

४. बकैया ठाकुर पर्यटन पार्क वडा नं. १०

**८. माझी समुदायको लदि पर्व सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा बकैया गाउँपालिका भित्र उल्लेख्य रुपमा रहेका माझी समुदायले विशेष महत्वका साथ मनाउने लदि पर्व यस वर्ष मिति २०७८।११।१७ गते रहेको तथा विगत वर्षमा जस्तै उक्त पर्वलाई गाउँपालिका स्तरमा आयोजना गर्न नेपाल माझी उत्थान संघ तथा माझी चलचित्र कर्मी संघबाट आर्थिक सहयोगको लागि अनुरोध भए बमोजिम उक्त संघहरुले पेश गरेको आर्थिक प्रस्तावको अधिनमा रहि कार्यक्रम सम्पन्न भए पश्चात ती संस्थाले पेश गर्ने बिल, भरपाई, फोटो लगायतका विवरणका आधारमा क्रमश बढिमा रु. १,००,०००।- (रुपैंया एक लाख मात्र) र रु. १,५०,०००।- (रुपैंया एक लाख पचास हजार मात्र) भुक्तानी गर्ने निर्णय गरियो। साथै सो पर्वको उपलक्ष्यमा सम्पूर्णमा शूभकामना व्यक्त गर्दै उक्त दिन गाउँपालिका क्षेत्रभित्र सार्वजानिक विदा दिने निर्णय गरियो ।

**९. बकैया कला-साहित्य महोत्सव-२०७८ सम्बन्धमाः-**

दामोदर खनाल
अध्यक्ष

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हात्तीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

प्रस्तुत विषयमा छलफल गर्दा वि.सं. २०५० फागुन १२ गते यसै बकैया गाउँपालिकामा स्थापित झरना
साहित्यिक परिवार मकवानपुरले जिल्लाभर कार्यक्षेत्र बनाउँदै मकवानपुरकै अग्रणी र जुझारु साहित्यिक
संस्थाको पहिचान बनाउन सफल भएको र विगतदेखि नै वार्षिक कार्यक्रम यस गाउँपालिकाको आर्थिक
व्यवस्थापनमा बृहत साहित्यिक गोष्ठीका रुपमा गाउँपालिकामा नै सञ्चालन गर्दै आएकोमा यस वर्ष पनि
संस्थाको २९ औं वार्षिकोत्सव को अवसरमा गाउँपालिकाको पूर्ण आर्थिक व्यवस्थापनमा फागुन २७ र
२८ गते दुई दिवसीय कार्यक्रमका रुपमा **बकैया कला-साहित्य महोत्सव-२०७८** भव्यतापुर्वक आयोजना
गर्नको लागि कार्यक्रमको अनुमानित खर्च रकम रु. ४,९५,०००।- रहेको विवरण सहितको प्रस्ताव पेश
गरेकोमा बढिमा रु. ४,००,०००।- (रुपैयाँ चार लाख मात्र) रकम कार्यक्रम सम्पन्न भए पश्चात विल
भर्पाई फोटोहरु प्राप्त भएपछि भुक्तानी दिने निर्णय गरियो।

१०. **सोनाम ल्होसार सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा मिति २०७८।१०।१९ गते २८५८ औं सोनाम ल्होसार रहेकोमा विश्वभर
फैलिएको कोरोना भाइरसको तेस्रो भेरियन्टको कारण सो मितिमा मनाउन नपाइएकोमा नेपाल तामाङ
घेदुङ, बकैया, मकवानपुरले गौतम बुद्ध पर्यटन पार्कमा यहि मिति २०७८।११।१९ गते मनाउनका
लागि गुम्बा व्यवस्थापन कार्य समिती लगायत स्थानीय बुद्धिजिवीहरुको बैठकको निर्णय तथा
कार्यक्रमको लागि खर्चको प्रस्तावना गरेकोमा उक्त पर्वका लागि कार्यक्रम पश्चातको विल भर्पाई लगायत
कागजातका आधारमा एकमुष्ट बढीमा रु. २,००,०००।- (रुपैयाँ दुई लाख मात्र) सहयोग रकम
उपबलब्ध गराउने निर्णय गरियो ।

११. **मानव सेवा आश्रमलाई सहयोग सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा विगतका वर्षहरुमा मानव सेवा आश्रमलाई यस गाउँपालिकाबाट आर्थिक
सहयोग गरिएकोमा यस आर्थिक वर्षमा पनि रु. १,००,०००।- (रुपैयाँ एक लाख मात्र) आर्थिक
सहयोग रकम उपलब्ध गराउने निर्णय गरियो ।

१२. **नदिजन्य पदार्थ उत्खननका लागि ठेक्का आह्वान सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिका अन्तर्गत **वडा नं. ३, ४ र ७ भएर बग्ने सिमात खोला,
हिरामुनी खहरे खोला र चम्पा खहरे खोलाका विभिन्न तोकिएका घाटहरुबाट** तथा **वडा नं. ४, ५, ६ र
७ भएर बग्ने बकैया खोला र सुकौरा खोलाका विभिन्न तोकिएका घाटहरुबाट** ढुङ्गा, गिट्टी र बालुवाको
दिगो उत्खनन् तथा सङ्कलन कार्यका लागि प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन स्वीकृत गरिएकोमा
हालको लागि **हिरामुनी खहरे खोलाको विभिन्न तोकिएका घाटहरुबाट** ३१००० घनमिटर र **बकैया खोला
र सुकौरा खोलाका विभिन्न तोकिएका घाटहरुबाट** ३१००० घनमिटर (बकैया र सुकौरा खोलाबाट
क्रमशः ४०% र ६०% हुनेगरि) उत्खनन् गर्नेगरि ठेक्का आह्वान गर्ने निर्णय गरियो ।

१३. **योजना संशोधन सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा सातौं गाउँसभाबाट वडागत रुपमा छुट्याईएको बजेट मध्ये केही योजना र
विविध शिर्षकको रकम सम्बन्धित वडा समितिको संशोधन निर्णय तथा सिफारिशको आधारमा आगामी

**दामोदर खनाल**
**अध्यक्ष**

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
...मकवानपुर
...प्रदेश, नेपाल

गाउँसभाबाट अनुमोदन हुने गरि तपशिल बमोजिमका योजनाहरु संशोधन निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

<u>तपशिल</u>

| वडा नं. | साविक योजना | संशोधित योजना |
|---|---|---|
| १ | • सानोसुधा घट्टेपाखा (च्यानडाँडा मर्मत) रु. ५,००,०००।- | • सानो सुधा देवी थान भवन निर्माण रु. २,५०,०००।-<br>• ठुलो सुधा देवी थान भवन निर्माण रु. २,५०,०००।- |
| २ | • जुनेली वस्ती स्ल्याव निर्माण रु. ४,००,०००।- | • जुनेली वस्ती खानेपानी योजना रु. ४,००,०००।- |

**१४. रोजगार सहायक नियुक्ती सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा चालु आ.व. २०७८।७९ का लागि स्थानीय तहमा सशर्त अनुदान हस्तान्तरण हुँदा रोजगार सहायकको तलब भत्ता पनि विनियोजन भइ आएकोमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको मिति २०७८।१०।२३ गतेको पत्रानुसार मिति २०७८।१०।२८ मा प्रदेश राष्ट्रिय दैनिकमा विज्ञापन समेत प्रकाशित गरिएको र मिति २०७८।११।०४ मा उक्त मन्त्रालयले थप गृहकार्य गर्नुपर्ने भनी हाललाइ नियुक्ति प्रक्रिया अगाडी नबढाउनु भनी पत्र आएको हुँदा सशर्त अनुदान हस्तान्तरण हुँदा रोजगार सहायकको तलब भत्ता विनियोजन भइ आएको र सो को लागि विज्ञापन समेत भएको हुँदा नियुक्ति प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**दामोदर खनाल**
अध्यक्ष

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल